**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 3, Issue 1, June 2025, pp 17-29
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: rmcbhojpur@gmail.com

# *एक चिहान* उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोध

ईश्वरा पौडेल (एम.फिल)
उपप्राध्यापक, नेपाली विभाग, डिग्री क्याम्पस, विराटनगर
उमादेवी गुरागाई
उपप्राध्यापक, नेपाली विभाग, सुकुना बहुमुखी क्याम्पस, मोरङ

***Article History:*** Submitted 3 April 2025; Reviewed 11 May 2025; Revised 16 June 2025
***Corresponding Author:*** Ishwara Poudel, Email: ishwaraojha@gmail.com, Orcid Id : 0009-0004-3592-9888, guragainsita2014@gmail.com
***DOI:*** https://doi.org/10.3126/iimrjbc.v3i1.81395

## *लेखसार*

*प्रस्तुत लेख हृदयचन्द्रसिंह प्रधानद्वारा लिखित एक चिहान उपन्यासमा लैङ्गिक उत्पीडन र प्रतिरोधको स्थिति निरूपण र विश्लेषणमा केन्द्रित रहेको छ । यस उपन्यासमा उत्पीडन र प्रतिरोधको अवस्था के-कस्तो छ भन्ने मुख्य समस्यामा केन्द्रित भई त्यसको विश्लेषणमा केन्द्रित रहनु यस लेखको उद्देश्य रहेको छ । गुणात्मक ढाँचामा आधारित भई तयार गरिएको यस लेखमा पुस्तकालयबाट सङ्कलन गरिएको एक चिहान उपन्यासलाई प्राथमिक स्रोतको सामग्री र विभिन्न पुस्तक, पत्रपत्रिका तथा लेखरचनालाई द्वितीय सामग्रीका रूपमा उपयोग गरिएको छ । लेखको प्रस्तुतीकरणका सन्दर्भमा भने विश्लेषणात्मक विधिको आवलम्बन गरिएको छ । समाजमा रहेका कुनै पनि व्यक्ति महिला, पुरुष वा तेस्रो लिङ्गी भएकै कारण उसलाई मानसिक, शारीरिक तथा यौनिक रूपमा आघात पुग्ने गरी गरिएको दुर्व्यवहारलाई लैङ्गिक उत्पीडन र यसविरुद्धमा सम्बन्धित पक्षले गरेको प्रतिकारलाई प्रतिरोध भनिन्छ । उपन्यासमा उत्पीडन र प्रतिरोधको अवस्था पत्ता लगाउन लैङ्गिक उत्पीडनका सन्दर्भ तथा पक्षहरूअन्तर्गत पितृसत्तात्मक सामाजिक परिवेश र स्थापित पुरातन सांस्कृतिक मूल्यभित्र नारी र पुरुषका अवस्थितिको खोजी गरिएको छ । उपन्यासमा अभिव्यक्त लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका सन्दर्भको अध्ययन गरेपश्चात त्यसमा लैङ्गिक उत्पीडन, अझ विशेषतः नारी उत्पीडन विरुद्धको प्रतिरोधी चेतना सशक्त रहेको निष्कर्ष प्राप्त भएको छ ।*

**शब्दकुञ्जी** : उत्पीडन, प्रतिरोध, हिंसा, पितृसत्ता, प्रभुत्वशाली

## विषयपरिचय

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) ले नेपाली साहित्यका निबन्ध, कथा, कविता, उपन्यासजस्ता विभिन्न विधामा कलम चलाएका छन् । उनका *स्वास्नीमान्छे* (२०११) र *एक चिहान* (२०१७) गरी जम्मा दुई वटा उपन्यास प्रकाशित छन् । यिनले लैङ्गिक समस्यालाई मार्मिक ढङ्गले प्रस्तुत गरी उपन्यासको रचना गरेका छन् । यहाँ *एक चिहान* उपन्यास लैङ्गिक तथा वर्गीय विभेदजस्ता विविध

समस्यामा केन्द्रित रहेको छ । यसमा नेपाली समाजमा निम्न वर्गले भोग्नुपरेको लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूमा पैदा भएको प्रतिरोध चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ। विभेदकारी सामाजिक संरचनाका कारण लैङ्गिक रूपमा उत्पीडित हुन पुगेको समुदाय र त्यसका विरुद्ध उनीहरूले प्रत्यक्ष र परोक्ष रूपमा उठाएको प्रतिरोधी चेतनालाई यहाँ मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ ।

कसैलाई पनि लिङ्गका आधारमा चोट पुग्ने गरी गरिने दुर्व्यवहारलाई लैङ्गिक उत्पीडन भनिन्छ भने उत्पीडितले त्यसका विरुद्ध गरेको प्रतिकारलाई प्रतिरोध भनिन्छ । समाजमा महिला, पुरुष वा तेस्रो लिङ्ग जोसुकै पनि उत्पीडनमा परेका देखिन्छन् । तत्कालीन सामाजिक संरचनामा लैङ्गिक उत्पीडनमा परेको समुदायको समस्या र उनीहरूमा उत्पन्न भएको प्रतिरोधी चेतना उपन्यासमा सशक्त रूपमा उठान गरिएकाले लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका दृष्टिबाट प्रस्तुत उपन्यास अध्ययनीय देखिन्छ तर यस शीर्षकमा अरू कसैबाट हालसम्म नभएको पाइएको हुँदा यही रिक्ततालाई पूरा गर्ने उद्देश्यले यस लेखमा प्रस्तुत उपन्यासलाई विश्लेषणको सामग्री बनाई लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका दृष्टिकोणबाट विश्लेषण गरिएको छ ।

## अध्ययन विधि र सामग्री

प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानद्वारा लेखिएको *एक चिहान* उपन्यालाई लैङ्गिक उत्पीडन र प्रतिरोधी चेतनाका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा प्राथमिक र द्वितीयक दुवै स्रोतको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा प्रधानको *एक चिहान* उपन्यास र द्वितीय स्रोतअन्तर्गत लैङ्गिक उत्पीडन र प्रतिरोधसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरू, उपन्यासका बारेमा विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धानमूलक लेखरचना तथा स्वतन्त्र अध्ययन, पत्रपत्रिकालाई उपयोग गरिएको छ । यी दुवै स्रोतका सामग्रीलाई पुस्तकालय तथा विद्युतीय माध्यमबाट सङ्कलन गरिएको छ । यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ । त्यसमा पनि मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । यहाँ *एक चिहान* उपन्यासको सूक्ष्म पठन गरेर यसमा लैङ्गिक उत्पीडन र प्रतिरोधका सूचकको पहिचान गर्दै उपन्यासको विश्लेषण गर्ने काम गरिएको छ । सामग्री विश्लेषणका लागि सूचकअनुसारको ढाँचा यस प्रकारको रहेको छ :

(क) पुरुषद्वारा महिलाप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

(ख) पुरुषद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

## लैङ्गिक उत्पीडन र प्रतिरोधको सैद्धान्तिक स्वरूप

कुनै पनि व्यक्ति महिला वा पुरुष वा तेस्रो लिङ्ग भएकै कारण उसलाई शारीरिक वा मानसिक रूपमा आघात पुग्ने गरी गरिएको जस्तोसुकै हिंसालाई लैङ्गिक उत्पीडन भनिन्छ (पोखेल, २०७१ पृ. २८) । यो लिङ्गका आधारमा गरिने विभेद वा पक्षपातपूर्ण व्यवहार हो । महिला वा पुरुष वा तेस्रो लिङ्ग जो पनि लैङ्गिक उत्पीडनमा पर्न सक्छन् । पुरुषका तुलनामा महिला बढी उत्पीडनमा परेका देखिन्छन्। पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिला उत्पीडित हुनु परेको हो भन्ने धारणा नारीवादको रहेको देखिन्छ । पितृसत्ता भनेको परिवारको बुज्रुक पुरुषको सत्ता वा शासन हो भन्दै कमला भासिनले सिल्विया वैल्वीको कृति *थियोराइजिङ पेट्रियार्की*मा प्रस्तुत भनाइलाई यसरी उल्लेख गरेकी छन् -यो एक यस्तो सामाजिक ढाँचा र रीतिरिवाजको व्यवस्था हो, जसअनुसार पुरुषले महिलामाथि आफ्नो प्रभुत्व कायम गर्छ तथा दमन शोषण गर्दछ (भासिन, सन् १९९८, पृ. ५) । पितृसत्ताले महिलाको प्रजनन

क्षमता तथा यौनिकतामाथि पनि नियन्त्रण गर्छ भन्ने धारणा उनको देखिन्छ । नेपाली समाजमा महिलाहरूलाई अछुतको रूपमा गरिने व्यावहार, पितृसत्तात्मक नियन्त्रण, हिँडडुलका नियन्त्रण, श्रम तथा आयआर्जनमा नियन्त्रण, शरीर तथा प्रजननमा नियन्त्रण, पारिवारिक सम्पति, आर्थिक स्रोत तथा प्राकृतिक संशाधनमा नियन्त्रण, विचारधारा तथा विवेकमा नियन्त्रणजस्ता कारणले महिला सदियौंदेखि उत्पीडनमा पर्दै आएका छन् (भद्रा, २०६७, पृ. ३४-३७) । पितृसत्तात्मक समाजमा नारीहरू परम्परा, धार्मिक नीतिनियम, नैतिकताका आधारमा नियन्त्रित हुन्छन्, जसले गर्दा उनीहरू सहनशील बन्न र उत्पीडनको सिकार हुन बाध्य हुन्छन् (पन्त, २०७५, पृ. १३) । अतः पितृसत्ताको प्रभुत्वसँगै नारीप्रतिको विभेद र उत्पीडन प्रारम्भ भएको तथ्य स्वतः स्पष्ट छ । चेतनाको वर्तमान अवस्थामा पनि नारीमाथिको उत्पीडन विभिन्न स्वरूपमा कायमै रहेको देखिन्छ । परिवारदेखि लिइएर राज्यका हरेक निकायमा छोरीलाई छोरासरह व्यवहार गरेको देखिँदैन । समाजले महिलालाई हेर्ने दृष्टिकोणमा परिर्वतन गर्न सकेको छैन, जसले गर्दा महिला घरबाहिर मात्र होइन, घरभित्र पनि उत्पीडित हुनु परेको देखिन्छ ।

लैङ्गिक आधारमा महिला र पुरुषले भोगेको उत्पीडनको खोजी लैङ्गिक अध्ययनको पछिल्लो महत्वपूर्ण विषय बनेको छ । पुँजीवादी समाजमा महिलाहरूले मात्र होइन, पुरुषहरूले पनि विभिन्न समस्या भोगेर पीडित भइरहेका छन् (बार्कर, २००१, पृ. ११५) । तर पुरुषवादी सोचका कारण उनीहरू आफूमाथि भएका उत्पीडनका बारेमा बोल्न सकिरहेका छैनन् । आफ्ना पीडा ओकेले पुरुसार्थमा धक्का लाग्ने डरले भित्रभित्रै पिल्सिरहेका छन् । यसबाट लैङ्गिक उत्पीडन भनेको महिलामाथि हुने उत्पीडन मात्र नभएर पुरुषमाथि हुने उत्पीडन पनि लैङ्गिक उत्पीडन नै हो भन्ने कुरा स्पष्ट भएको छ । लैङ्गिक उत्पीडनका सामाजिक, राजनीतिक, आर्थिक, यौनिक लगायतका अनेकौं कारण हुन सक्छन् । पुरुषवादी समाजमा कयौं नारीले पितृसत्ताका मान्यतालाई आन्तरीकरण गरी त्यसै अनुरूप बाँच्दै र बोल्दै आएका छन् । कयौं सासू र आमाहरूले आफ्ना छोरीबुहारीहरूलाई पिताकै कानुन मान्ने सल्लाह दिएका छन् । उक्त कानुन विपरीत गए चरित्रहीन कहलाउछेस् भनिरहेका छन् (उप्रेती, २०६९, पृ. १७५) । यसबाट महिला महिलाद्वारा नै उत्पीडनमा परेको प्रस्ट भएको छ । यसरी समाजमा महिला वा पुरुष जो कोही पनि लैङ्गिक उत्पीडनमा परेका देखिन्छन् । पुरुषसम्बन्धी अध्ययन नारी विरोधी आन्दोलन नभई पुरुष र नारी दुवैमा रहने गरेका पितृसत्तावादी प्रवृत्तिको विरोध मानिन्छ । पितृसत्ताका कारण पुरुष पनि महिला र पुरुष दुवैबाट उत्पीडनमा पर्न सक्छ । यसैको खोजी पुरुषबाट भएको पुरुषमाथिको उत्पीडनमा गरिन्छ (शर्मा, २०८१, पृ. १०८) । प्रस्तुत *एक बिहान* उपन्यासमा पनि नारी वा पुरुष दुवैमा हुने यस किसिमका लैङ्गिक उत्पीडनको अभिव्यक्ति पाइन्छ ।

लैङ्गिक अध्ययनमा साहित्यिक कृति विश्लेषणका लागि आवलम्वन गर्ने एक महफ्वपूर्ण मापदण्ड प्रतिरोधसम्बन्धी मान्यता हो । सामान्य अर्थमा कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई प्रतिकार गर्ने कामलाई प्रतिरोध भनिन्छ । सांस्कृतिक अध्ययनको सन्दर्भमा अन्याय, अत्याचार, शोषण, दमन, उत्पीडनबाट सीमान्तीकृत बनाइएका जाति, लिङ्ग, वर्ग आदिले प्रभुत्वशाली र शक्तिमा रहेका लिङ्ग, वर्ग, जातिका क्रियाकलापप्रति असहमति जनाउँदै उनीहरूलाई विस्थापित गरी आफू शक्तिमा आउन गरेको सङ्घर्ष वा शक्ति प्राप्तिका लागि गरिएको प्रयास नै प्रतिरोध हो (गुरुङ २०७०, पृ. १०७ । कुनै पनि समाजको प्रभुत्वशाली संस्कृतिमाथि कुनै समूह, वर्ग वा चिन्तकले जब प्रश्न गर्छन् त्यहीबाट प्रतिरोध सुरु हुन्छ (सुवेदी, २०६८, पृ. १३०) । फुकोका दृष्टिमा जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँबाट त्यसको प्रतिरोधको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) । शासक वर्गका विरुद्धमा

विशिष्ट ढङ्गले उभिएको चेतना नै प्रतिरोध हो । जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध पनि हुन्छ । दुई शक्तिको द्वन्द्वमा प्रतिरोध पछि नै नयाँ शक्तिले जन्म लिन्छ। प्रतिरोध सांस्कृतिक शक्तिका लागि गरिने आत्मरक्षासँग सम्बन्धित छ। त्यो अधीनस्थ सामाजिक घटना परिघटनाबाट सिर्जित हुन्छ (बार्कर, २००८, पृ. ४५४)। समाजमा शक्तिशाली समुदायले आफ्नो वर्चस्व कायम गर्नका लागि अधीनस्थ समुदायमाथि दमनका प्रक्रियाहरू चालु राख्छ। यस्तो अवस्थामा अधीनस्थ समुदायले दमनविरुद्ध आवाज उठाउने प्रक्रिया नै प्रतिरोध हो। शोषण, दमन, अन्याय, अत्यचारका कारण किनाराकृत गरिएको समुदायले त्यसका विरुद्ध गरेको प्रतिकार नै प्रतिरोध हो । लैङ्गिक अध्ययनमा पितृसत्ता र सामन्तवादी सामाजिक, आर्थिक संरचनाद्वारा उत्पीडनमा परेका नारी, पुरुष र तेस्रो लिङ्गीको प्रतिरोध चेतनाको अवस्था कस्तो रहेको छ, त्यसलाई उनीहरूले सहज स्वीकार गरेका छन् वा प्रतिकार गरेका छन् वा बौद्धिक वर्गले उनीहरूको आवाज उठाएका छन् भन्ने कुराको अध्ययन गरिन्छ। *एक चिहान* उपन्यासमा पनि नारी वा पुरुषमा हुने यस किसिमका लैङ्गिक उत्पीडन र त्यसका विरुद्ध प्रतिरोधको अभिव्यक्ति पाइन्छ। त्यसैले लैङ्गिक उत्पीडन र प्ररिोधमा केन्द्रित रहेर प्रधानको *एक चिहान* उपन्यासको विश्लेषण गरिएको छ।

## नतिजा र छलफल

प्रस्तुत लेखमा पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध तथा पुरुषद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध गरी दुई ओटा सूचकमा केन्द्रित भई *एक चिहान* उपन्यासमा अभिव्यक्त उत्पीडन र प्रतिरोधको अवस्था विश्लेषण गरिएको छ।

### पुरुषद्वारा नारीप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

*एक चिहान* उपन्यासको निर्माण लैङ्गिक उत्पीडन र पितृसत्तात्मक समाजले निर्माण गरेको सामाजिक संरचनाको जगमा भएको देखिन्छ । सामाजिक, आर्थिक तथा लैङ्गिक दृष्टिले महिलाहरूको अवस्था दयनीय रहेको छ । उनीहरू लैङ्गिक हिसाबले पुरुषप्रधान सामन्ती संस्कृतिबाट पीडित नै थिए भन्ने कुरा डा. गोदत्तप्रसादले पत्नी रञ्जनादेवी, प्रेमिका नानीथकुँ र अन्य नारीप्रति गरेको व्यवहारबाट स्पष्ट हुन्छ । घरमा पढेलेखेकी शिक्षित र सचेत श्रीमती हुँदाहुँदै पनि डा. गोदत्तप्रसादले नानीथकुँलाई प्रेमजालमा फसाउन सफल भएको छ । अशिक्षित र ज्ञानबाट वञ्चित नानीथकुँले दुष्ट डा. गोदत्तप्रसादको नक्कली प्रेम थाहा पाउँदिन र उसलाई सच्चाप्रेम गर्न पुग्छे । पछि डा. की पत्नी रञ्जनादेवी र आफ्नो दाजु शिवनारांको सचेतताको कारण आफ्नो (महिला) अस्तित्वको बोध गरी उसलाई अस्वीकार गरेकी छ । तर डा. गोदत्तप्रसादले जाल गरेर हैजा र टाइफाइडको इन्जेक्सन (पृ. १९८) भनी बेहोश हुने इन्जेक्सन लगाएर अपहरण गरी उसलाई गर्भवती बनाएको छ। नानीथकुँले दुष्ट पापीबाट उम्कने प्रयत्न गरेकी छ। सफल भने भएकी छैन। यहाँ उसको इच्छाको कुनै अर्थ र मूल्य छैन। डा. को इच्छाअनुसार उसले आफूलाई समर्पित गराउनु परेको छ। उसको अवस्था कति दयनीय थियो भन्ने कुरा उपन्यासका यी साक्ष्यले व्यक्त गरेका छन् :

> करिब दुई घण्टापछि होशमा आएर नानीथकुँले आँखा खोल्दा उनले आफ्नो अगाडि डाक्टर गोदत्तप्रसादले हाँसिरहेको पाइन् । नानीथकुँलाई बडो नमीठो लाग्यो, दुःख लाग्यो र चिन्ता लाग्यो । होशमा आउनासाथ आज भएका सारा घटना र कुरा पनि उनलाई तुरुन्तै थाह भएर आयो । तत्क्षणत् अनि उनलाई मारिहालूँजस्तो रिस उठेर आयो । किन्तु विचरीले गरुन् के ? फन्दामा परिरहेकी छन् । झन् निस्सहाय छन् ।

रिसलाई सहेर, पचाएर नानीथकुँले विनीत स्वरमा भनिन् “डाक्टरसाहेब ! के गर्नु भएको यो ?” नानीथकुँ एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टर गोदत्तप्रसादले खल्तीबाट रुमाल झिकी उनको मुखमा ठोसिदिए । नानीथकुँले शरीरमा भएभरको बल झिकिन् तर कोशिशै गर्नु मात्र भयो । डाक्टर गोदत्तप्रसादले अँगालोले कसि नै राखे । तैपनि नानीथकुँ छटपटाइन् चलि नै रहिन् अनि आखिरमा हैरान भएर डाक्टर गोदत्तप्रसादले बत्ती निभाइदिए र भने “नानीथकुँ ! अब तिमी मेरी भएरै रहनेछ्यौ ।”

केही नलागेर अनि नानीथकुँ धुरुधुरु रुन थालिन् । कपडा ठोसिराखेको हुनाले उनको मुखबाटै आवाज निस्कन सकेन तर उनका दुवै आँखाबाट गङ्गाजमुना बगिरहेको छ, छ । तर पनि दुष्ट डाक्टर गोदत्तप्रसादले नानीथकुँलाई छाडिदिने दया गरेनन् । अँगालो बाँधेर गोदत्तप्रसादले रात बिताइदिए (प्रधान, २०७३, पृ. २०६- २०८) ।

माथिको साक्ष्यमा समाजमा नारीहरूलाई पुरुषको उपभोग्य वस्तुका रूपमा रहेको देखाइएको छ । यहाँ डा. गोदत्तप्रसादले नानीथकुँलाई छल गरेर अपहरण गरी बलात्कार गरेको छ । डा. गोदत्तले पहिले फकाएर उसलाई आफ्नी बनाउने प्रयत्न गरे पनि सफल नभएपछि उसको मुखमा रुमाल कोचेर आवाज बन्द गरी बलात्कार गरेको देखिन्छ । उसले गोदत्तको पञ्जाबाट फुत्कने प्रयत्न गरे पनि सफल भएकी छैन । ऊ निरीह भएर अनुनय, विनय गरे पनि डाक्टरले उसको कुरा सुनेको छैन । यहाँ नानीथकुँको अवस्था साच्ची नै पीडादायक देखिन्छ । पुरुषप्रधान समाजमा काम राजनीति (sexual politics) ले भूमिका खेलेको देखिन्छ । केट मिलेटले सन् १९६९ मा *काम-राजनीति* नामक पुस्तकमा प्रचलित सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी उसमाथि आधिपत्य जमाएको छ भन्ने भाव व्यक्त गरेकी छिन् (शर्मा र लुइटेल, २०७२, पृ. ३७४) । यहाँ डाक्टर गोदत्तप्रसादले गरेका क्रियाकलाप पनि यसकै (काम-राजनीतिको) उपज मान्न सकिन्छ । पैसा र पदको रबाफमा ऊ नानीथकुँजस्ता थुप्रै युवतीहरूमाथि काम-राजनीति गर्न उद्यत छ । नानीथकुँलाई अपहरण गरी कालिका स्थानमा कोठा खोजेर राखी आफ्नो चाहना पूरा गर्न सफल डा. गोदत्तप्रसाद काम-राजनीतिको कुशल खेलाडीका रूपमा उपन्यासमा चिनिएको छ । यसरी सामाजिक शक्ति संरचनाका कारण डा. गोदत्तप्रसादजस्ता अनेकौं दुष्ट कामपिपासुहरूले समाजमा नानीथकुँजस्ता सोझा-सिधा महिलाहरूको शोषण र दोहन गरी आफ्नो आधिपात्य कायम गरिरहेको देखिन्छ ।

पितृसत्तात्मक सामन्ती संरचनाका कारण नानी थंकुजस्ता उत्पीडित समुदाय डा.गोदत्तप्रसाद जस्ताबाट उत्पीडन भोग्न विवश छन् । पितृसत्ताको प्रभुत्वका कारण नानीथकुँजस्ता उत्पीडित समुदाय प्रतिकारमा उत्रिदा पनि सफल नभएका हुन् । ऊ यस परिस्थितिसम्म आइपुग्दा वास्तवमै शक्तिहीन बन्न पुगेकी छ । ऊ निरीह निरुपाय भएर डाक्टरलाई अप्नाउन बाध्य भएकी हो । उपन्यासमा ऊ डाक्टरद्वारा पीडित पात्र हो । ऊ शारीरिक र मानसिक दुवै रूपमा उत्पीडनको सिकार भएकी छ । ऊ पुरुष पात्रद्वारा उत्पीडित नारी पात्रको रूपमा देखिएकी छ ।

डा.गोदत्तप्रसादद्वारा अपहरणमा परेकी नानीथकुँलाई रञ्जनादेवीको सहयोगमा पत्ता लगाएपछि शिवनारांका दाजुभाइ उसलाई लिन गएका छन् । तर आफू गर्भवती भएकाले घर फर्कन नसक्ने आशय नानीथकुँको भएपछि शिवनारांले-“तिमी दोजिया भएकी खुशीले होइन, जबर्जस्तीले मात्र हो ।

जबर्जस्तीबाट रहेको गर्भलाई फ्याँकेर पवित्र बन्नुपर्छ (पृ. २१५) ।" भन्दै उसलाई सम्झाएको छ । दाजुको अभिव्यक्तिले ऊ प्रभावित भई घर फर्केकी छ र उनीहरूकै सहयोगमा डाक्टरद्वारा षड्यन्त्रपूर्वक बसेको गर्भलाई नष्ट गरी कुर्मी युवक रामखेलवान राउतसँग विवाह (पृ. २२२) गरेकी छे । अन्ततः नानीथकुँको यो आँटिलो निर्णयले डाक्टर गोदत्तका सामु विजय प्राप्त गरेको देखिन्छ । ऊ आफूलाई बर्बाद हुनबाट जोगाउँदै नयाँ जीवन सुरु गर्न सफल भएकी छ । यसर्थ, उपन्यासमा प्रमुख नारी पात्रका रूपमा परिचित नानीथकुँले पछिल्लो समयमा चेतनशील भएर सचेत, आँटिली नारी पात्रका रूपमा आफूलाई उभ्याउँदै उत्पीडनका विरुद्ध प्रतिरोध गरेको देखिन्छ, जुन उपन्यासको सबल पक्ष हो ।

नानीथकुँ डा. गोदत्तप्रसादबाट मात्र होइन, तल्सिङ सूरमान सुब्बा र रामबहादुरको व्यवहारबाट पनि उत्पीडित देखिन्छे । कसैको पति, कसैको पिता अनि उमेरले पनि डाँडा काटिसकेको सूरमान सुब्बाले कलिली नानीथकुँमाथि गिद्धे नजरले हेरेको देखिन्छ । उसले आफ्नो कामदार रामबहादुरमार्फत ( स्वर्गीय अष्टनारांले आफू जीवित छँदै छोरी नानीथकुँ सुब्बा साहेबलाई दिने वचन दिइसकेको छ भन्ने) झुटो समाचार प्रवाह गरी उसलाई हत्याउने प्रयास गरेको छ । तर नानी थकूंकी आमा लतमायाले रामबहादुरका कुरामा विश्वास गरेकी छैन । उसले छोरी कलिली भएकाले बुढो सुब्बालाई दिन नसक्ने आशय व्यक्त गर्दा रामबहादुरले यसो भनेको छ :

> "सुब्बा साहेब पनि त बुढै भइसक्नुभएको छैन, सत्तरी होइन, साठी होइन सन्ताउन वर्षको भनेको त लोग्नेमानिसको लागि जवानीकै अवस्था छ । आजसम्म एउटा रौँ कपाल फुलेको छैन, आँखाको शक्ति अलग्गै अनौठाको छ - कौसीबाट हेरेर साँझ-साँझमा पनि थानकोटको डाँडाबाट उक्लिरहेका मानिसहरूमा यो लोग्नेमानिस, यो स्वास्नीमानिस भनेर छुट्याउन सक्नुहुन्छ । कान पनि यति तीखो छ कि मुखबाट शब्दको आवाज छुट्न नपाउँदैमा मनमा बोलेको कुरासम्म पनि टिप्न सक्ने जस्तो छ । दाँत बलियोको त बयानै छैन, लौ त भनूँ भने ढुङ्गा चपाउन सक्नुहुन्छ । जस्तोसुकै साह्रो सुपारी पनि मुखमा राख्ना साथै धुलो हुने हुनाले उहाँ सुपारीको सट्टा नरिवल-दरिवल खाने गर्नुहुन्छ । हिँडाइको कुरा गरूँ भने उहाँ सवारी कहिल्यै चढ्नुहुन्न, मोटरको नाउँ लियो भने 'खुट्टामा ज्यान नभएको मुर्दा गोडाले मात्र मोटर ताक्छ' भन्नुहुन्छ । कहिलेकाहीँ भादगाउँ जानुपरेमा बिहानै सबेरै हिँड्नुभई भात खान फर्केर अड्डाको बेला भेट्टाउन सक्नुहुन्छ । त्यस्ता मानिसलाई कसरी बुढो भन्ने ? मानिसको उमेरमा पच्चीस र पचासको कुरा छैन, जो बलियो हुन्छ उही जवान हो । बल फुर्ति छैन भने बीस वर्षकै पनि बुढो हुन्छ । म त भन्छु बरु तिम्री छोरी चाँडै बूढी होली तर सुब्बासाहेब अझ बीस वर्षपछि पनि त्यस्तै लायक हुनुहोला । उहाँको लायकीपन हेर्दा उहाँ एक सय बीस वर्षभन्दा पनि बढ्ता बाँच्नुहोलाजस्तो देखिन्छ । मैले धेरै बयान गर्नु व्यर्थ छ, किनभने तिमीले नदेखे-नचिनेका मानिस होइनन् ।" साधारण भावमा रामबहादुरले भने (प्रधान, २०७३, पृ.: ७०-७१) ।

माथिको साक्ष्यले समाजमा माहिला र पुरुषबिच कायम रहेको लैङ्गिक विभेदलाई चित्रण गरेको छ । उमेरले पाको भए पनि सुब्बा सूरमानको आँखा तेजिला, कान चनाखा, कपालको रौँ कालै, दाँत बलिया, खुट्टा दरिला भएकाले ऊ जवाननै रहेको, ऊ १२० वर्षसम्म बाँच्न सक्ने बरु केही समयपछि नानी थकूनै बुढी हुने भएकीले उसको विवाह सुब्बसँग गर्न उपयुक्त रहेको तर्क रामबहादुरको देखिन्छ ।

त्यसैले उसले नानीथकुँकी आमासँग सुब्बा सूरमानलाई छोरी दिन आग्रह गरिरहेको देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाभन्दा पुरुषको उमेर बढी नै हुनुपर्छ, बुढो मानिसले स्वास्नी राम्ररी पाल्छ, माया गर्छ, एउटा बच्चा हुनेबित्तिकै आइमाई बुढी भइहाल्छन् भन्नेजस्ता थुप्रै विर्मश कायम रहेकाले रामबहादुरले कलिली नानीथकुँको विवाह बुढो सुब्बासँग गर्न खोजेको हो । समाजले नै महिला र पुरुषका बिचमा विभेद सृजना गरेको छ । यहाँ महिला भएकै कारणले नानीथकुँको उमेरलाई महफ्व दिइएको छैन अनि उसका इच्छा, चहानाको विषयमा खोजी गरिएको छैन । उसले सुब्बासँग विवाह गर्न मान्छे कि मान्दिन त्यो विषयमा कुरा उठाइएको छैन । नानीथकुँको बारेमा निर्णय गर्ने अधिकार उसैलाई हुनुपर्छ तर यहाँ त रामबहादुरले गरिदिएकाले लैङ्गिक दृष्टिले नानीथकुँमाथि उत्पीडन भएको प्रस्ट देखिन्छ । समाजको हरेक कुरामा निर्णय गर्ने अधिकार पुरुष वर्गमा निहीत रहेकालेनै यहाँ बुढो सूरमानले जबर्जस्ती कलिली नानीथकुँलाई आफ्नो बनाउन खोजेको हो । रामबहादुरले सुब्बा सूरमान भर्खरकै हुन् भनेर पुष्टि गर्न अनेकन उदाहरण दिएको छ । उनको उमेर ६० होइन, ७० होइन ५७ वर्ष त हो नि (पृ. ७१) भन्दै जवान भएको किटान गरेको छ । रामबहादुरको उक्त भनाइले नानीथकुँमाथि अन्याय भएको छ । उसको मनमा चोट पुगेको छ । यसरी एकपछि अर्को घटनाका कारण नानीथकुँ अपमानित भएकी छ । विवाह भनेको उमेर, विचार र स्तर मिल्ने मानिसँग हुनुपर्छ अनि मात्र दाम्पत्य जीवन सुखी हुन्छ तर यहाँ त नानीथकुँको विवाहका लागि उसको इच्छा, चाहना के छ भनेर नसोधी रामबहादुर आफैले सूरमान सुब्बा ठीक हुने भनी निर्णय गरेको छ, जसले गर्दा नानीथकुँको स्वाभिमानमा चोट पुगेको देखिन्छ । रामबहादुरजस्ता पुरुषहरूको व्यवहारबाट नानीथकुँजस्ता नारी समुदाय प्रताडित भएका छन् । शक्ति, र ज्ञानबाट वञ्चित भएकाले ऊजस्ता समुदायको अवस्था निरीह बनेको देखिन्छ ।

रञ्जनादेवी पनि उत्पीडनमा परेकी अर्की नारी पात्र हो । ऊ आफ्नै पति डा. गोदत्तप्रसादद्वारा पीडित भएकी देखिन्छ । घरमा पढेलेखेकी पत्नी र ३-३ जना कलकलाउँदा छोराछोरी हुँदाहुँदै पनि डा. गोदत्तप्रसादले विभिन्न महिलाहरूसित रासलिला गर्न पुगेको छ । श्रीमान्को यस्तो क्रियाकलापले ऊ पीडित भएकी छ । ऊ उत्पीडनमा परेको कुरालाई उपन्यासमा व्यक्त यी साक्ष्यले प्रस्ट पारेको छ :

साक्ष्य १

> डाक्टर गोदत्तप्रसादले भात खाइरहेको बेलामा कोही नभएको मौका छोपी रञ्जनादेवीले भनिन् "होइन, तपाईंको कस्तो बानी यो, के खुड्किलैपिच्छे तपाईंलाई स्वास्नी चाहिन्छ कि ?"
>
> "चुप लाग्नोस् धेरै चिप्लो कुरा नगर्नोस्, मुख मीठो भएर के गर्ने, करनीले अर्काको कलेजा कटकट काटिसकेको छ । यसरी मीठो कुरा गरेर ढिलो मार्नुभन्दा बस, खुकुरीले एक चोटि छिनालिदिनु धेरै जाती देख्छु ।" अलि अफसोसको भावमा रञ्जनादेवीले भनिन्
>
> (प्रधान, २०७३, पृ. १०५-१०६) ।

साक्ष्य २

> "मेरो कुरालाई त्यसै लऱ्याकलुरुक पारी हँसिमा उडाएर जान पाइन्न, सफा जवाफ दिनुहोस् तपाईंको के विचार छ ? तपाईं के हुन खोज्नुभएको छ ? घरमा कामधन्दा गर्ने चाकरनी पनि नभन्ने, रोग जँचाउन आउने विरामी पनि बाँकी नराख्ने । अब त ज्यान गए पनि सहन्नँ म तपाईंको यस्तो अचाक्ली ? फेरि मैले यस्तै देखेँ र सुनेँ भने

> केही गरे पनि म बाँकी राख्ने छैनँ ।" गोदत्तप्रसादलाई राम्ररी सुनाएर रञ्जनादेवीले भनिन् (प्रधान, २०७३, पृ. १०९-११०) ।

माथिको साक्ष्यले रञ्जनादेवीको पीडालाई चित्रण गरेको छ । डा. गोदत्तप्रसादले चिप्लो घसेर मीठो बोले पनि उसको व्यवहार राम्रो नभएकाले आफू पीडित भएको आशय रञ्जनादेवीको देखिन्छ । श्रीमानले घरैमा काम गर्ने नोकर्नी, उपचार गर्न आउने बिरामी महिलाहरूलाई पनि वासनातृप्तिको साधन बनाएकोले उसलाई असह्य पीडा भएको छ । उसको यस्तो गलत क्रियाकलापका कारण रञ्जनादेवी उत्पीडनमा परेको प्रस्ट भएको छ । कुनै पनि स्वास्नीमानिसले आफ्ना पतिलाई एकलौटी बनाउन चाहन्छन् । उसले अरूसँग ख्यालठट्टा गरेको त परैजाओस् कुदृष्टिले मुसुमुसु हाँसेको पनि हेर्न, देख्न र सुन्न चाहँदैनन् । यस्ता कार्यले आफ्नो जीवनमा मात्र होइन आफ्ना सन्तानको जीवनमा पनि काँडो बिझेको सम्झन्छन् । तर आफ्ना पति गोदत्तप्रसादले त कहिले घरकै नोकर्नीलाई त कहिले बिरामी महिलालाई त कहिले नानीथकुँलाई वासनापूर्तिको साधन बनाएको देख्दा रञ्जनादेवीलाई हुनसम्मको पीडा भएको छ । श्रीमान्को कार्यबाट दिक्क भएकी उसले बरु खुकुरीले एकैचोटि छिनाल्दा कम पीडा हुने तर श्रीमान्को व्यवहारले बढी पीडा हुने भाव व्यक्त गर्दै आफू उत्पीडनमा परेको सङ्केत गरेकी छ । रञ्जनादेवीले डा. गोदत्तप्रसादलाई पटक-पटक सम्झाएकी छ । उसको व्यवहारले कुनै ठूलो विघ्नबाधा पो आउने हो कि भनेर चिन्तित भएकी छ । श्रीमान्का त्यस्ता कार्यको विरोध गरेकी छ । पतिको व्यवहारले दिक्क भए पनि पितृसत्तात्मक सामाजिक संरचनाका कारण उसले पतिलाई त्यागेर छुट्टै बस्ने आँट गर्न भने सकेको देखिँदैन । ऊ पीडा सहेर पनि समाजका अगाडि सधुवा नारीका रूपमा उभ्याएर आफूलाई भाग्यमानी ठान्न विवश भएकीले ऊ पति डा. गोदत्तप्रसादसँगै बसेकी छ । यसरी पीडा सहेर बाँचेकी रञ्जनादेवीले उत्पीडित नारी समुदायको प्रतिनिधित्व गरेकी छ । ऊ मानसिक रूपमा उत्पीडनको सिकार भएकी छ ।

यहाँका अधिकांश नारीहरू उत्पीडनमा परेका देखिन्छन् । नानीथकुँ र रञ्जनादेवी मात्र होइन, लतमाया पनि प्रताडित भएकी छ । रामबहादुरद्वारा ऊ उत्पीडित छ भन्ने कुरा तलका साक्ष्यले पुष्टि गरेको छ :

> "तिमीलाई थाहै होला नि, अष्टनारांले नानीथकुँ हाम्रा सुब्बा साहेबलाई कन्यादान दिने वचन दिइसकेको छ ।"
> "अहँ मलाई त यो कुरा बिलकुलै थाहा छैन, उहाँले पनि कहिल्यै केही भन्नु भएको थिएन । " आश्चर्य मिश्रित भावमा लतमायाले भनिन् । "तर जे भए पनि लोग्ने हुन्, मलाई बताएनन् भनेर रिसले लोग्नेको विरोधमा जानु स्थास्नीमानिसको धर्म होइन, यसलाई सम्झी-बुझी तिमीले लोग्नेको वचन खेर नजाने गरी कर्तव्यपालन गर्नुपर्छ ।" रामबहादुरले भने । "होला र उहाँले वचन दिनु भएको ? त्यत्तिको उमेर फरक छ ।" लतमायाले अलि अविश्वासको भावमा भनिन् । "सत्ते हो हेर ! आज एकादशीको दिन, त्यसमाथि निधारमा पशुपतिको चन्दन र टाउकोमा गुह्येश्वरीको फूल लाइराखेको छु हिन्दूको छोराले झुटो बोलेर नरकमा जाने साहस गर्न सक्ला र (प्रधान, २०७३, पृ. ६९-७०) ?"

माथिका साक्ष्यमा रामबहादुरले झुटो समाचार प्रवाह गरी नानीथकुँसँग सूरमान सुब्बाको विवाह गराउन खोजेको देखिन्छ । अष्टनारांले आफू जिउँदो हुँदै छोरी नानीथकुँ सुब्बा सूरमानलाई दिइसकेको दाबी रामबहादुरले लतमायासँग गरेको छ । उसले त्यस विषयमा आफूलाई थाहा नभएको अभिव्यक्ति दिएपछि स्वास्नी भएर लोग्नेको वचन पालना गर्नु पर्ने भन्दै रामबहादुरले पतिको अपमान गर्न नहुने सङ्केत गरेको छ । उसले आफूले गलत कुरा नगरेको भन्ने पुष्टि गर्न पाप र धर्मसम्बन्धी परम्परागत विचारधारालाई अघि सारेको छ । तर लतमायाले उसको कुरामा विश्वास गरेकी छैन । आफ्नी छोरी र सुब्बाको उमेरमा धेरै अन्तर भएकाले श्रीमानले विवाहका लागि अनुमति दिन नसक्ने भन्ने भाव व्यक्त गरेकी छ । उसले रामबहादुरको कुरालाई अस्वीकार गरेपछि रामबहादुरले विश्वास दिलाउन कसम खाएको देखिन्छ । यहाँ रामबहादुरबाट लतमाया प्रताडित भएको देखिन्छ । उसको बोली र व्यवहारले लतमायालाई चोट पुऱ्याएको छ र उसले त्यसको प्रतिकार गरेकी छ ।

उपन्यासमा शक्ति केन्द्रमा रहने व्यक्तिले परिधिमा रहने शक्तिमाथि दमनात्मक नीति अपनाउँदा परिधीय शक्तिहरू लैङ्गिक उत्पीडनको सिकार भएको पाइन्छ । केन्द्रमा रहने शक्ति (पुरुष) ले परिधिमा रहने शक्ति (महिला) माथि आफ्नो वर्चस्व कायम गर्न खोजेको देखिन्छ । समग्रमा भन्नुपर्दा रञ्जनादेवी, नानीथकुँ र लतमाया महिला भएकै कारण लैङ्गिक उत्पीडनमा परेका छन् ।

### पुरुषद्वारा पुरुषप्रति गरिएको लैङ्गिक उत्पीडन र प्रतिरोध

समाजमा पुरुषद्वारा महिला मात्र होइन, महिलाद्वारा महिला, महिलाद्वारा पुरुष र पुरुषद्वारा पुरुषनै पनि उत्पीडनमा परेका देखिन्छन् । प्रस्तुत *एक चिहान* उपन्यासमा पुरुषद्वारा पुरुष नै उत्पीडित भएको पाइन्छ । यहाँ डा. गोदत्तप्रसाद, सुब्बा सूरमान, रामबहादुर, शिवनारां, पुननारां, हर्षनारां, अष्टनारां, रामखेलवान राउतजस्ता पुरुष पात्रहरू रहेका छन् । यीमध्ये डा. गोदत्तप्रसाद, सूरमान सुब्बा र रामबहादुरजस्ता पात्र उत्पीडक र शिवनारां, पुननारा र हर्षनाराहरू उत्पीडित पात्रका रूपमा परिचित रहेका छन् । उपन्यासको प्रमुख पात्र शिवनारा र उसका भाइहरू डा. गोदत्तप्रसाद, सूरमान र उसको कारिन्दा रामबहादुरबाट पनि उत्पीडनमा परेका देखिन्छन् । शिवनारांका दाजुभाइ सुब्बा र उसको कारिन्दाबाट उत्पीडित रहेका छन् । कथाअनुसार बुढो सूरमानले शिवनारांकी बहिनी नानीथकुँलाई कान्छी श्रीमती बनाउन अनेक प्रपञ्च रचेको छ । उसले आफ्नो कारिन्दा रामबहादुरमार्फत शिवनारांको परिवारलाई कहिले देसी तान (पृ.४८) किनिदिएर, कहिले अघिल्लो वर्षको तिर्न नसकेको बाली माफी ( पृ.४८) गरिदिएर त कहिले-"तिम्रो बा अष्टनारांले दिने वचन दिइसकेको छ शिवनारां !...मौजुद छन् ( पृ.१५९) ।" भन्दै हुँदै नभएको झुटो समाचार प्रवाह गराएर फकाइरहेको देखिन्छ । उसले नानीथकुँलाई जसरी भए पनि आफ्नी पत्नी बनाउन लागिपरिरहेको छ । त्यसका लागि अन्तिम समयसम्म पनि वार्ता र सहमतिकै पक्षमा उभिएको छ । तर केही गरे पनि शिवनारांले आफ्नी बहिनी उसलाई नदिने प्रतिबद्धता प्रकट गरेपछि रामबहादुरमार्फत "साह्रै बढ्ता भयो शिवनारां ! झट्टै तिमीले सँभालेनौ भने म तिमीलाई साफ भनिदिन्छु, मलाई अब सहन गाह्रो हुन्छ (पृ.१५९) ।" भनाएर धम्क्याएको छ । यसरी उसले दमन गरेर भए पनि नानीथकुँलाई आफ्नो कब्जामा पार्ने प्रयास गरिरहेको छ । शक्तिशाली समुहले कमजोर र निमुखामाथि आफ्नो शासनसत्ताको प्रभुत्व कायम राख्न बलको मात्र प्रयोग गर्दैनन्, सहमतिमार्फत पनि प्रभुत्व निर्माण र प्रयोग गर्छन् ( श्रेष्ठ, २०६८, पृ. ४०) भन्ने ग्राम्चीको भनाइ यहाँ प्रमाणित भएको देखिन्छ । यहाँ सूरमानको व्यवहारबाट शिवनारां प्रताडित भएको देखिन्छ ।

शिवनारांले कुनै पनि हालतमा आफ्नी बहिनी सुब्बालाई नदिने निष्कर्ष निकालेपछि रामबहादुरले उसलाई -"जमाना पहिचान्ने बुद्धिमानी गर्नोस् (पृ.१५८) ।" भन्दै धम्क्याएको छ । पहिलेको जमानामा बुढो मान्छेले भरखरकी केटी विवाह गर्ने चलन भए पनि अहिले समय परिवर्तन भइसकेको छ । अहिले उमेर र विचार मिल्नेसँग मात्र विवाह गर्ने चलन भएकाले सूरमानसँग नानीथकुँको उमेर नमिल्ने भएकाले विवाह गर्न उचित हुँदैन भन्ने शिवनारांको निष्कर्ष रहेको छ । तर रामबहादुर अनेकौं प्रलोभन देखाएर वा दमन गरेर जसरी भए पनि नानीथकुँलाई हत्याउने प्रयासमा देखिन्छ । यस कुरालाई प्रस्ट पार्न यस सन्दर्भलाई प्रस्तुत गर्नु उपयुक्त देखिन्छ :

"शिवनारां ! म तिमीलाई समय दिन्छु, राति सुत्दा पनि अलि ठन्डा मगजले एक चोटि विचार गर र आफ्नो परिवारसँग पनि एक चोटि सल्लाह गर । अहिले मात्र होइन, तिम्रो भविष्य र तिमीहरूका सन्तानहरूको पनि सुख पाउने कुरा तिम्रो हातमा आइरहेको छ (पृ. १५९) ।"

माथिको साक्ष्यले शिवनारांमाथि अपमान भएको चित्रण गरेको छ । शिवनारांले कुनै हालतमा पनि आफ्नी बहिनी सुब्बालाई दिन नसक्ने अभिव्यक्ति दिएपछि उसलाई फकाएर प्रभावित पार्न खोजेको छ । तर उसको त्यस्तो अभिव्यक्तिले शिवनारां मर्माहत भएको छ । आफ्नी कलिली बहिनीको विवाह त्यस्तो बुढो न्छेसँग गरिदिएर बहिनीको भविष्य अन्धकार बनाउन नचाहने शिवनारांलाई रामबहादुरको प्रस्तावले पीडा दिएको छ । ऊ आफ्नो व्यक्तिगत स्वार्थका लागि बहिनीको जीवन बर्बाद गर्न चाँहदैन । रामबहादुरको उक्त अफरमा स्वार्थ लुकेको र त्यसले आफू र आफ्नो परिवारको स्वाभिमानमा चोट पुगेको ठानी त्यसको प्रतिकारमा उत्रेको छ । ऊ धन देखेर आफ्नी बहिनीको विवाह सूरमानसँग गर्नु भनेको त्यो विवाह नभएर उसलाई बेच्नु हो भन्ने मानसिकता राख्छ र त्यसको विरोध गर्छ । आफ्नी बहिनीको विवाह उसकै उमेर मिल्ने मान्छेसँग हुनुपर्छ भन्ने मान्यता राख्ने शिवनारांलाई रामबहादुको प्रस्तावले चोट दिएको छ । त्यसैले उसले त्यस विषयमा असहमति प्रकट गर्दै प्रतिरोध गरेको छ । उसको प्रतिकारलाई उपन्यासको यस साक्ष्यले प्रस्ट पारेको छ :

रामबहादुरले यति भन्नासाथ शिवनारां रिसले आगो भई जुरुक्क उठेर रामबहादुरको गर्दन समाउन पुगे दुवै हातले बेस्करी रामबहादुरको गर्दन ड्याँच्च समाउँदै शिवनारांले भने-"भन् साले ! अब के चाहन्छस् तँ (पृ. १५९) ।"

रामबहादुरको बोली र व्यवहारबाट आजित भएको शिवनारांले त्यसका विरुद्ध शसक्त प्रतिकार गरेको छ । उसलाई पटकपटक सम्झाउँदा पनि नटेरेपछि ऊ प्रतिकारमा उत्रिको देखिन्छ । शिवनारांका दाजुभाइ रामबहादुरका विरुद्ध मात्र होइन, सूरमानका विरुद्ध पनि प्रतिकारमा उत्रेका देखिन्छन् । यस कुरालाई यस साक्ष्यले थप प्रस्ट पारेको छ :

सूरमान सुब्बाबाट अर्घेली र अचाक्ली हुनासाथ शिवनारां, हर्षनारां दुवै दाजुभाइ भीमसेन-अर्जुन जागेझैं जाग्न थाले । हमला गर्न आएका रामबहादुरलाई हर्षनारांले समाएर धोबीले लुगा पछारेझैं छारिदिए । शिवनारांले सूरमान सुब्बालाई समाई माटो ख्वाइदिए । नोकरहरू त त्यसै डराएर जिल्ल परिरहे...शिवनारां र हर्षनारांले सूरमान सुब्बा र रामबहादुरलाई यताबाट उता, उताबाट यता उचाल्दै फ्याँकिरहे । नोकरहरू डराएर अझैं पिडौंला कमाउँदै छन् । सूरमान सुब्बाको त कोट च्यातिएछ । खसिराखेको टोपी भुईंबाट लिई धूलो टकटक्याउँदै...हिँड्न थाले (पृ. १६६) ।

माथिको साक्ष्यमा सूरमानको अत्याचारबाट उत्पीडित भएका शिवनारांका दाजुभाइले त्यसका विरुद्ध प्रतिकार गरेको देखिन्छ। पटकपटक शिवनारांका परिवारमाथि गरेको अपमानलाई उनीहरूले सहन सकेका छैनन् र त्यसको विरोध गरेका छन्। हेपाइ र तिरस्कारबाट प्रताडित भएका उनीहरूले सूरमान र उसका नोकरहरूलाई कुटेर त्यहाँबाट लखेटेका छन्। उनीहरूले उत्पीडित भएकै कारण प्रतिरोध गरेका हुन्। उपन्यासमा शिवनारांका दाजुभाइ समाज परिवर्तन गर्न चाहने क्रान्तिकारी पुरुषका रूपमा चिनिएका छन्। उनीहरू प्रतिरोधी चेतना भएका पात्रहरू हुन्। शिवनारांले आफ्नी कलिली बहिनी बुढो सूरमानलाई दिन नसक्ने भन्दा उनीहरूलाई मानसिक यातना दिएको घटनाले तत्कालीन पितृसत्तात्मक सामन्ती संरचनामा अन्तर्निहित दमन, शोषण र उत्पीडनलाई अभिव्यञ्जित गरेको छ।

उपन्यासमा शिवनारांका दाजुभाइ सुब्बा र उसको कारिन्दा रामबहादुरबाट मात्र होइन, डा. गोदत्तप्रसादबाट पनि उत्पीडत भएका छन्। यहाँ डा. गोदत्तप्रसाद उत्पीडकका रूपमा चिनिएको छ। उसले शिवनारांकी बहिनी नानीथकुँलाई अपहरण गरेपछि उनीहरू चिन्तित भएका हुन्। बहिनी हराएपछि राति बाह्र बजेम्म तीन दाजुभाइ मिली नानीथकुँलाई धुईं पत्ता गरी खोजे पनि कहीं पाउन सकेनन् (पृ. २०८)। उनीहरूले आज खोजे, भोलि खोजे, गर्दा गर्दै डेड महिनाभन्दम बढी खोजिसके पनि भेटाउन सकेनन्। आखिर उनीहरू निराश हुनुपऱ्यो (पृ.२०९)। निराश हुँदाहुँदै पनि उनीहरूले आशा भने मारेनन्। अन्तत : रञ्जनादेवीको मुखबाट डा. गोदत्तले नै बहिनी भगाएको पत्तो पाएपछि उनीहरू बहिनी लिन गए तर आफू दोजिया (पृ.२१५) भइसकेकीले घर फर्कन नमिल्ने अभिव्यक्ति नानीथकुँले दिएपछि शिवनारांले उसलाई सम्झाउँदै यसो भनेको छ :

“यसमा केही चिन्ता र धर्मको कुरा छैन नानीथकुँ ! तिमी दोजिया भएको खुशीले होइन, जबर्जस्तीले मात्र हो। जबर्जस्तीबाट रहेको गर्भलाई झन् सुरक्षा गरी जबर्जस्ती गर्ने डाँकूलाई अपनाउनु धर्म होइन बरु पाप हो। त्यस कुपदार्थबाट संसारलाई अपमान गर्नु हो, कुदृष्टिले हेर्नु हो किनभने प्रेमको अभावमा राक्षस भएर बर्बता र जबर्जस्तीबाट जन्माएको र जन्मेको जीव कदापि असल हुन सक्तैन। त्यस्तो जीव........त्यसैले त्यस्तो कुतत्त्वलाई फ्याँकेर पवित्र बन्नुपर्छ। यसमा धर्म पतनको कुनै कुरै छैन। नारी भएर तिमी सतीत्व-मर्यादाको....जान्छ। जबर्जस्तीमा परेकी स्वास्नीमान्छे...संस्कार हो। यही संस्कार तिमीलाई पनि हामी गर्दछौं, बरु.....फ्याँकिदिनेछु, यदि उसको मन पवित्र भए कसैले हरणै गरेर लग्यो भने पनि अपहर्ता बदमाससित सङ्घर्ष गरी उसलाई फर्काई संस्कार गर्नेछु। त्यो कुनै...जाऔं। बरु हामी तिमीलाई...जाऊ (पृ.२१६)।”

माथिको साक्ष्यमा गोदत्तद्वारा अपहरणमा परी गर्भवती बनाइएकी बहिनीलाई आफ्नो घर फर्काउन दाजु शिवनारांले आग्रह गरिरहेको छ। बहिनीले दोजिया भएकीले जान नमिल्ने भनेपछि त्यो जबर्जस्तीले बसेको गर्भ भएकाले त्यसलाई जन्माउन नहुने, बलात्कारीसँगै बसे जीवन बर्बाद हुने भएकाले त्यस्तोलाई नस्ट गरी अर्को विवाह गनुपर्ने धारणा दाजुको रहेको छ। उसले बहिनीलाई सम्झाउने क्रममा आफ्नै श्रीमतीको उदाहरण दिएको छ। यदि तिम्री भाउजूले कुनै लोग्नेमान्छेलाई कुदृष्टिले हेरी भने उसलाई म ‘रन्डी’ (पृ.२१६) सम्झी छाडिदिन्छु तर उसलाई कसैले जबर्जस्ती गरेर अपहरण गऱ्यो भने म उसलाई त्यसबाट छुटकारा दिलाएर स्विकार्छु किनभने त्यसमा उसमा उसको दोष हुँदैन। त्यसैले तिमी पनि दोषी छैनौ। दोषी त त्यो गोदत्तप्रसाद हो भन्दै बहिनीलाई निर्दोषी सावित गरिरहेको छ। अन्तत : दाजुको वचनले प्रभावित भई ऊ दाजुहरूसँगै गई। उनीहरूले रामखेलवान राउतसँगा उसको विवाह (पृ. २२२) गरिदिएर उसले नयाँ जीवन सुरु गरेकी देखिन्छ। यसरी डा.

गोदत्तप्रसादले गर्भवती बनाएकी बहिनीलाई उसबाट छुटाएर लगी अर्को अविवाहित केटासँग विवाह गरिदिनु भनेको उसप्रतिको सशक्त प्रतिरोध हो । यसरी प्रतिरोधी चेतनाका दृष्टिले उपन्यास सफल रहेको छ ।

**निष्कर्ष**

हृदयचन्द्रसिँह प्रधानको *एक चिहान* उपन्यासमा परिवार र समाजमा नारी र पुरुषप्रति गरिने लैङ्गिक उत्पीडनलाई प्रस्तुत गरिएको छ । अधिकांश स्त्री पात्रहरू पित्तृसत्तात्मक सामाजिक संरचनाका कारण लैङ्गिक विभेदमा परेका देखिन्छन् । कतिपय नारीहरू पुरुषद्वारा मात्र होइन स्वयम् नारीद्वारा नै पीडित छन् । यस उपन्यासमा उपस्थित नारीहरूको अवस्थालाई अध्ययन गर्दा तत्कालीन समयमा पुरुषसत्ताको उत्पीडनलाई प्रतिरोध गर्ने आँट सबै नारीहरूमा नभएको अवस्था देखिन्छ । सम्पन्न परिवारका नारीहरूले पारिवारिक इज्जत र प्रतिष्ठा जोगाउन तथा आफ्ना सन्तानका खुशीका लागि भए पनि आफूमाथिको अत्यचारलाई सहेको अवस्था यस उपन्यासकी पात्र रञ्जनादेवीको माध्यमबाट देखाइएको छ । तर सबैको अवस्था त्यस्तो देखिँदैन । कतिपय नारीहरूले आफूमाथि भएको अन्यायको प्रतिकार गरेका छन् । यसरी उपन्यासकार प्रधानले प्रस्तुत उपन्यासमा विविध संस्कृति बोकेका नारी र पुरुष पात्रहरूलाई उपस्थित गराएर शासन र सत्ताको पहुँच भएकाहरूद्वारा नै उनीहरूमाथि गरिने उत्पीडनलाई प्रस्तुत गरेका छन् । लैङ्गिक चेतनाको अभावले नारीहरू स्वयम् आफ्नै वर्गद्वारा उत्पीडनमा परेका छन् । उपन्यासको उत्तरार्धमा भने आफूमाथि भएको अन्यायका विरुद्ध नारीहरू सशक्त रूपमा अगाडि बढेका छन् । नारी समुदाय विस्तारै सचेत हुँदै गएको देखिन्छ । समाज र राष्ट्को सोच उक्त सचेतताप्रति संवेदनशील हुन सकेन भने त्यसले विध्वंशात्मक रूप पनि लिन सक्छ भन्ने कुरालाई पनि उपन्यासले सशक्त रूपमा उठाएको देखिन्छ । त्यसको उदाहरणको रूपमा उपन्यासमा नानीथकुँले इच्छाविरीत बसेको गर्भलाई नष्ट गरी अर्कै युवकसँग विवाह गरेको प्रसङ्गलाई लिन सकिन्छ । यस उपन्यासमा लैङ्गिक उत्पीडनको मुख्य कारक तत्त्वको रूपमा पित्तृसत्तात्मक सामाजिक संरचना नै मुख्य रूपमा देखिएको छ । उपन्यासका अन्त्यतिर उत्पीडकका विरुद्धमा उत्पीडितहरू एकजुट भएर शसक्त रूपमा अगाडि बढेको देखिन्छ । त्यस कार्यमा  उनीहरू सफल पनि भएकाले प्रतिरोधी चेतनाका दृष्टिले उपन्यास सफल भएको देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा* (चौथो संस्क.), अक्षर क्रियसन्स ।

खनाल, राजेन्द्र (२०७५), *लैङ्गिक समालोचना सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

गुरागाईं, राधिका (२०७०), *प्रेमपिण्ड नाटकको लैङ्गिक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

गुरुङ, सुशान्त (२०७०), भूमण्डलीकरण र सांस्कृतिक अध्ययन, *भृकुटी,* (सांस्कृतिक अध्ययन विशेषाङ्क, भाग १९), १२ ।

पन्त, साधाना 'प्रतीक्षा (२०७५), *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग,* कृति प्रकाशन ।

पोखेल, दीपककुमार (२०७१), *रूपमती उपन्यासको लैङ्गिक अध्ययन,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रूपरेखा* (दोस्रो संस्क.), नीमा पुस्तक प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), (पृ. २५९-२७३), रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

भद्रा, चन्द्रा (सम्पा.) (*२०६७), लैङ्गिक अध्ययन,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७२), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* (चौथो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, यादवराज (२०८१), एकचिहान उपन्यासको लैङ्गिक अध्ययन, *वाङ्मय* (अङ्क २१), पृ. १०५-११८ । DOI: https://doi.org/10.3126/vangmaya.v21i1.7424

श्रेष्ठ, तारालाला (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना* (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार (पृ. २५-१३९) ।

Barker, Chris and Dariusz Galasinski. (2001). *cultural Studies and Discourse Analysis A Dialogue on Language and Identity*. Sage publications.

Barker, Chris. (2008). *cultural Studies Theory and Practice*. Sage Publications.

Bhasin, K. (1993). *What is Patriarchy?* Kali for Women.